# सूचक संस्था, नियमनकारी, कानून कार्यान्वयन गर्ने निकाय तथा अभियोजनकारी निकायहरु तथा वित्तीय जानकारी इकाईबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईको आयोजनामा मिति २०८१ मङ्सिर ७ गतेका दिन सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण, पारस्परिक मूल्याङ्कन तथा अन्तरनिकाय सहकार्य/समन्वय/पृष्ठपोषणका सम्बन्धमा सूचक संस्था, नियमनकारी, कानून कार्यान्वयन गर्ने निकाय र अभियोजनकारी निकायहरु तथा अन्य सम्बद्ध निकायहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

सो कार्यक्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, महान्यायाधिवक्ताको कार्यालय, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजश्व विभाग, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, समाज कल्याण परिषद्, बैंक तथा वित्तीय संस्था र गैर वित्तीय पेशाकर्मीहरु (DNFBPs) का संघहरु तथा सूचक संस्थाहरुका प्रतिनिधिहरु र वित्तीय जानकारी इकाईका कर्मचारीहरुको सहभागिता रहेको थियो ।



*कार्यक्रमको समापन पश्चात्को सामुहिक तस्वीर*

कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको औचित्यता तथा नेपालको Mutual Evaluation को प्रगतिको बारेमा प्रकाश पार्नु भएको थियो । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले *"सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण प्रणालीमा सम्बद्ध निकायहरुको भूमिका र अन्तरनिकाय सहकार्य/समन्वय/पृष्ठपोषण"* विषयमा कार्यपत्र प्रस्तुती गर्दै अन्तरक्रियाको लागि आधार सृजना गर्नुभएको थियो । छलफल/अन्तरक्रिया सत्रमा सूचक संस्था, कानून कार्यान्वयन गर्ने निकाय तथा अन्य निकायका सहभागीहरुले वास्तविक धनीको पहिचान, गोपनियता, Targeted Financial Sanctions, सम्बद्ध कसूरको प्रवृत्ति, अन्तर निकाय सूचना आदान प्रदानका क्रममा परेका समस्या, सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा नेपाल प्रहरीबाट भईरहेका प्रयासहरु, अनुसन्धानकारी निकायहरुको बैंक तथा वित्तीय संस्थाबाट अपेक्षा लगायत विषयमा छलफल भएको थियो ।

कार्यक्रममा अतिथीको रुपमा सहभागी नायब महान्यायाधिवक्ता तथा अनुसन्धान समन्वय संयन्त्रका संयोजक श्री संजीवराज रेग्मीले सहभागीहरुको जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिँदै सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित कानूनी विषयहरुमा स्पष्टता पार्दै जोखिममा आधारित रही कानून कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुभयो । त्यस्तै अतिथीको रुपमा कार्यक्रममा सहभागी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहालले नेपालले सम्पत्ति शुद्धीकरण निवरणका क्षेत्रमा छोटो अवधिमा धेरै लक्ष्य हासिल गर्नुपर्ने अवस्था रहेको जानकारी गराउँदै त्यसका लागि अन्तर निकाय सहकार्य र पृष्ठपोषणको महत्व माथि प्रकाश पार्नुभयो ।





*कार्यक्रमका क्रममा लिईएका केही तस्वीरहरु*

कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरि कुमार नेपालले प्रस्तुती तथा अन्तरक्रियामा उठेका विषयहरुमा थप प्रकाश पार्दै सम्पत्ति शुद्धीकरण निवारणमा जोखिममा आधारित प्रणालीको प्रभावकारिताको लागि सम्बन्धित संस्थाहरुले इमान्दारिताका साथ आ-आफ्ना क्षेत्रको जोखिम मुल्याङ्कन गरी सोही अनुरुपका कार्यहरु अघि बढाउन जोड दिनुभयो । त्यस्तै नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका तर्फबाट उप-निर्देशक श्री शिखा अधिकारी (रेग्मी)ले महाशाखाको भूमिकाको चर्चा गर्दै सम्पत्ति शुद्धीकरण निवारणमा सूचक संस्थाहरुको भूमिकाको चर्चा गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै इकाई प्रमुख वासुदेव भट्टराईले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सन्दर्भमा सबै सरोकारवाला निकायहरुले आफू तथा आफू अन्तर्गतका संस्थाहरुको जिम्मेवारी तथा भूमिका बारे थप स्पष्टता पार्दै अघि बढ्नुपर्ने कुरामा जोड दिनुभयो । साथै सबै निकायहरु बीचको समन्वय, सहकार्य तथा छलफलबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रणालीको प्रभावकारी कार्यान्वयन भई पारस्परिक मूल्याङ्कनले औंल्याएका विषयहरुमा प्रगति हुने विश्वास व्यक्त गर्दै उहाँले सहभागीहरुलाई धन्यबाद ज्ञापन सहित कार्यक्रम समापन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक किशोर महराले गर्नुभएको थियो ।